सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३२१ ♦ २०८३ साल साउन २६ मंगलवार ♦ 11 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## ट्रमा सेन्टर निर्माणको माग गर्दै ढल्केबरमा राजमार्ग अवरुद्ध



**खबर दर्पण समाचारदाता**

**साउन २५ गते, ढल्केवर**

धनुषाको मिथिला नगर पालिका-७ ढल्केबरमा प्रस्तावित ट्रमा सेन्टर तोकिएकै स्थानमा निर्माण गर्नुपर्ने माग गर्दै स्थानीयवासीले पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरेका छन् ।

ट्रमा सेन्टर संरक्षण सङ्घर्ष समितिको आह्वानमा जारी आन्दोलनको पाँचौँ दिन सोमवार स्थानीयवासी, जनप्रतिनिधि तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिको सहभागितामा आधा घण्टा राजमार्ग अवरुद्ध गरिएको हो । आन्दोलनकारीले विहान ११ बजेदेखि ११:३० बजेसम्म पूर्व-पश्चिम राजमार्गमा यातायात आवागमन ठप्प पार्दै सरकार विरुद्ध नाराबाजी गरेका थिए । राजमार्ग अवरुद्ध भएपछि केही समय सवारीसाधनको आवागमन प्रभावित भएको थियो ।

प्रस्तावित ट्रमा सेन्टर ढल्केबर बाट अन्यत्र सार्न खोजिएको भन्दै सङ्घर्ष समितिले गत विहिबार देखि चरणबद्ध आन्दोलन घोषणा गरेको हो । आन्दोलनअन्तर्गत राजमार्ग अवरुद्ध गर्ने, विरोध प्रदर्शन गर्ने तथा सरकारको ध्यानाकर्षण गराउने कार्यक्रम सञ्चालन भइरहेको समितिले जनाएको छ ।

बुधबार प्रतिनिधि सभाको बैठकमा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री निशा मेहताले ट्रमा सेन्टर लहानमा निर्माण हुने जानकारी गराएपछि ढल्केबर मा विरोध चर्किएको हो । स्थानीयवासीले सरकारले यसअघि ढल्केबरमा निर्माण गर्ने गरी अघि बढाएको योजना अन्यत्र सार्न खोजेको भन्दै निर्णय सच्याउन माग गरेका छन् ।

*बाँकी पृष्ठ ३ मा*

## ढल्केबरको ट्रमा सेन्टर निर्माण नरोकिने

**खबर दर्पण समाचारदाता**

**साउन २५ गते, बर्दिवास**

धनुषाको ढल्केबरमा प्रस्तावित ट्रमा सेन्टर निर्माणको माग गर्दै आन्दोलन भइरहेका बेला स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले ढल्केबरको ट्रमा सेन्टर निर्माण प्रक्रिया नरोकिने स्पष्ट पार्नुभएको छ।

उहाँले नयाँ संरचना निर्माण सम्पन्न हुन समय लाग्ने भएकाले तत्कालका लागि लहानस्थित प्रादेशिक अस्पतालमा ट्रमा युनिट सञ्चालन गर्न लागिएको बताउनुभएको हो।

सोमबार प्रतिनिधि सभामा जवाफ दिँदै मन्त्री मेहताले ढल्केबरमा क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माणको प्रक्रिया अघि बढिसकेको बताउनुभएको हो।

मन्त्री मेहताका अनुसार दुर्घटनामा गम्भीर घाइते भएका नागरिकलाई उपचारका लागि काठमाडौं ल्याउनुपर्ने बाध्यता अन्त्य गर्न सरकारले तत्काल सेवा र दीर्घकालीन पूर्वाधार निर्माणलाई सँगसँगै अघि बढाएको छ।

लहानस्थित प्रादेशिक अस्पतालमा सीटी स्क्यान,आवश्यक चिकित्सकीय जनशक्ति, बिरामीको पर्याप्त चाप तथा ब्लड बैंकलगायत ट्रमा सेवा सञ्चालनका लागि आवश्यक आधारभूत पूर्वाधार रहेकाले त्यहाँ तत्काल ट्रमा युनिट सञ्चालन गर्ने निर्णय गरिएको मन्त्री मेहताले बताउनुभयो।

"लहानमा ट्रमा युनिट सञ्चालन गर्नु ढल्केबरको विकल्प होइन," मन्त्री मेहताले स्पष्ट पार्नुभयो, "नयाँ संरचना निर्माण सम्पन्न नहुँदासम्म नागरिकलाई तत्काल उपचार उपलब्ध गराउने अन्तरिम र व्यावहारिक व्यवस्था हो।"

मन्त्री मेहताले एक ठाउँमा दीर्घकालीन स्वास्थ्य संरचना निर्माण भइरहँदा अर्को ठाउँमा तत्काल सेवा विस्तार गर्नु विरोधाभास नभएको बताउनुभएको छ। सरकारको नीति नै आवश्यकताअनुसार देशका



विभिन्न स्थानमा ट्रमा सेन्टर तथा ट्रमा युनिट विस्तार गर्ने रहेको उहाँको भनाइ छ।

"हाम्रो उद्देश्य एउटै हो( दुर्घटनामा परेका नागरिकले समयमै उपचार पाऊन् र उपचारका लागि काठमाडौं धाउनुपर्ने बाध्यता अन्त्य होस्," मन्त्री मेहताले भन्नुभयो।

मन्त्री मेहताले ढल्केबरमा निर्माण भइरहेको संरचनालाई अगाडि बढाउन तथा उपलब्ध पूर्वाधारबाट तत्काल नागरिकलाई सेवा दिने वातावरण बनाउन जनप्रतिनिधि र सम्बन्धित सबै पक्षलाई सहयोग गर्न समेत आग्रह गर्नुभएको छ।

## मानव बेचबिखन र जबरजस्ती करणीका आरोपी कतारबाट पक्राउ

**खबर दर्पण समाचारदाता**

**साउन २५ गते, बर्दिवास**

मानव बेचबिखन तथा ओसार पसार र जबरजस्ती करणीसम्बन्धी कसुरमा रेड नोटिस जारी भएका धनुषाका एक व्यक्ति कतारबाट पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा धनुषाको धनौजी गाउँपालिका-५ का मो. ताहिर राईन रहेका छन् । उनीविरुद्ध अन्तर्राष्ट्रियस्तरमा खोजतलास तथा पक्राउ गर्न नेपाल प्रहरीले इन्टरपोलमार्फत रेड नोटिस जारी गराएको थियो ।

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागअन्तर्गतको इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयले राईनविरुद्ध सन् २०२६ जुलाई २८ मा रेड नोटिस जारी गरेको प्रहरीले जनाएको छ ।

रेड नोटिस जारी भएपछि इन्टरपोल शाखा, एनसीबी काठमाडौं र एनसीबी दोहा, कतारबीचको समन्वयमा कतारमा रहेका राईनलाई पक्राउ गरिएको हो ।

पक्राउ परेका राईनलाई कतार एयरवेजको उडानमार्फत सोमबार बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल ल्याइएको थियो । विमानस्थलमा इन्टरपोल शाखा (एनसीबी काठमाडौं) बाट खटिएको प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार पक्राउ परेका राईनलाई आवश्यक कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय धनुषाको जिम्मा लगाइएको छ ।

अन्तर्राष्ट्रियस्तरमा फरार रहेका अभियुक्त तथा विभिन्न आपराधिक कसुरमा संलग्न व्यक्तिको खोजतलास र पक्राउका लागि नेपाल प्रहरीले इन्टरपोलको समन्वयमा विभिन्न देशका सम्बन्धित सुरक्षा निकायसँग सहकार्य गर्दै आएको छ ।

रेड नोटिस जारी भएपछि विदेशमा रहेका फरार अभियुक्तलाई सम्बन्धित देशका सुरक्षा निकायको समन्वयमा पक्राउ गरी नेपाल ल्याउने क्रमसमेत पछिल्लो समय बढेको प्रहरीले जनाएको छ ।



# मधेशमा प्रशासनिक पुनर्संरचनाको गृहकार्य : प्रशासनिक सुधार अभियान, दरबन्दी कटौतीदेखि निकाय खारेजीसम्म

खबर दर्पण समाचारदाता

**साउन २५ गते, बर्दिवास**

लामो समयदेखि प्रशासनिक विकृति, अनावश्यक संरचना, कमजोर वित्तीय अनुशासन र राजनीतिक हस्तक्षेपको आलोचना खेप्दै आएको मधेश प्रदेश सरकारले प्रशासनिक संरचना र सार्वजनिक खर्च प्रणालीमा व्यापक सुधारको तयारी थालेको छ।

प्रदेश सरकारले मन्त्रालयको संख्या घटाउनेदेखि दरबन्दी कटौती, राजनीतिक नेतृत्वका निजी सचिवालयको आकार घटाउने, कर्मचारी सरुवामा मापदण्ड लागू गर्ने, सार्वजनिक निकायको पुनर्संरचना तथा खारेजी, बजेट व्यवस्थापन, बेरुजु फछ्र्यौट र कर्मचारीको क्षमता विकासलाई एकीकृत सुधार कार्यक्रमका रूपमा अघि बढाएको हो।

सरकारले प्रशासनिक संरचना ठूलो बनाउनेभन्दा आवश्यकतामा आधारित, चुस्त, मितव्ययी र परिणाममुखी प्रशासन निर्माण गर्ने उद्देश्यसहित संगठन तथा व्यवस्थापन (ओ एण्ड एम) सर्वेक्षणलाई तीव्रता दिएको  छ। चालु आर्थिक वर्षको बजेटमै कम्तीमा १५ प्रतिशत दरबन्दी कटौती गर्ने नीति लिइएकोमा अर्थ मन्त्रालयको ओ एण्ड एम सर्वेक्षणबाट मात्रै करिब ३२ प्रतिशत दरबन्दी कटौती गरिएको छ।

अन्य मन्त्रालय तथा प्रदेशअन्तर्गतका निकायको ओ एण्ड एम सर्वेक्षणसमेत अघि बढिरहेकाले अन्तिम रूपमा प्रदेश सरकारको प्रशासनिक जनशक्तिको आकारमा उल्लेख्य परिवर्तन आउने सम्भावना देखिएको छ।

प्रदेश सरकारका अनुसार दरबन्दी कटौतीको उद्देश्य कर्मचारीको संख्या घटाउनु मात्र नभई कार्यबोझ, सेवा प्रवाहको आवश्यकता र उपलब्ध स्रोतसाधनका आधारमा संगठन तथा जनशक्ति निर्धारण गर्ने प्रणाली विकास गर्नु हो।

मधेश प्रदेशको प्रशासनिक सुधारको प्रमुख एजेन्डाका रूपमा मन्त्रालयको संख्या घटाउने विषय अघि सारिएको छ। अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा गठित मन्त्रालयको संख्या तथा कार्यविभाजन पुनरावलोकनसम्बन्धी उच्चस्तरीय अध्ययन तथा सिफारिस कार्यदलले असार १८ गते मुख्यमन्त्रीसमक्ष मन्त्रालयको संख्या नौमा सीमित गर्न सुझाव दिएको थियो।

सोही सिफारिसलाई आधार बनाएर सरकारले मन्त्रालयको संख्या नौमा सीमित गर्ने तयारी गरेको छ। अबको केही दिनभित्र मन्त्रिपरिषद् पुनर्गठन गरी मन्त्रालयको संख्या घटाउने तयारी भइरहेको जनाइएको छ।

मन्त्रालयको संख्या घटाउने निर्णयलाई सरकारले केवल संरचना कटौतीका रूपमा नभई प्रशासनिक खर्च नियन्त्रण, कार्यक्षेत्रको दोहोरोपन हटाउने, जनशक्तिको प्रभावकारी परिचालन र सेवा प्रवाह सुधारसँग जोडेको छ। अर्थमन्त्री भट्टराईका अनुसार मन्त्रालयको संख्या कति छ भन्नेभन्दा ती मन्त्रालयले नागरिकलाई कति प्रभावकारी सेवा दिन सके भन्ने विषय महत्वपूर्ण भएकाले कार्यक्षेत्रको दोहोरोपन हटाएर सरकारलाई परिणाममुखी बनाउने गरी पुनर्संरचना गर्न खोजिएको हो।

प्रदेश सरकारले मुख्यमन्त्री तथा मन्त्रीका निजी सचिवालयलाई समेत प्रशासनिक सुधारको दायरामा ल्याएको छ। निजी सचिवालयमा रहने कर्मचारीको संख्या, सुविधा र संरचनाको पुनरावलोकनसम्बन्धी अध्ययन तथा प्रतिवेदन सरकारसमक्ष पेस भइसकेको छ।

राजनीतिक नेतृत्वलाई आवश्यक प्रशासनिक सहयोग उपलब्ध गराउने तर अनावश्यक संरचना र खर्च घटाउने गरी निर्णय गर्ने तयारी गरिएको छ। यसबाट प्रदेशमा राजनीतिक नेतृत्वका निजी सचिवालय सञ्चालनसम्बन्धी विगतका अभ्यासमा समेत परिवर्तन आउने अपेक्षा गरिएको छ।

मधेश प्रदेशमा लामो समयदेखि विवादित मानिँदै आएको कर्मचारी सरुवा प्रणालीलाई पनि मापदण्डमा आधारित बनाउने तयारी गरिएको छ।

प्रदेश सरकारले कर्मचारी सरुवासम्बन्धी मापदण्ड तयार गरी सरोकार वालाको सुझावका लागि सार्वजनिक गरिसकेको छ। प्राप्त सुझाव समेटेर मापदण्डलाई अन्तिम रूप दिने र त्यसैका आधारमा कर्मचारी सरुवा गर्ने तयारी भइरहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकी सचिव पार्वती शर्माले जानकारी दिनुभयो।

मापदण्ड कार्यान्वयन प्रभावकारी भएमा कर्मचारी सरुवामा हुने पहुँच, दबाब र मनोमानी घटाएर पारदर्शिता तथा पूर्वानुमानयोग्यता बढाउन सकिने अपेक्षा गरिएको छ। तर मापदण्ड तयार गर्नु मात्र पर्याप्त नभई राजनीतिक तथा प्रशासनिक नेतृत्वले त्यसको व्यवहारमै पालना गर्नुपर्ने चुनौती रहेको अधिकारीहरू बताउँछन्।

त्यसैगरी प्रदेश सरकारले सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न बजेट तथा आयोजना व्यवस्थापनमा समेत नयाँ नीति अघि सारेको छ। आर्थिक वर्ष २०८३/८४ को बजेटमा एक करोड रुपियाँभन्दा कम लागतका आयोजना बजेटमा समावेश नगर्ने नीति लिइएको छ। साना-साना र छरिएका आयोजनामा स्रोत विनियोजन गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी सीमित स्रोतलाई उच्च प्राथमिकता र प्रतिफल दिने आयोजनामा केन्द्रित गर्ने उद्देश्यले यस्तो नीति लिइएको हो।

मधेश प्रदेशमा विकास आवश्यकता ठूलो भए पनि स्रोतसाधन सीमित रहेकाले बजेटलाई छरिन नदिई प्राथमिकताप्राप्त आयोजनामा केन्द्रित गर्नुपर्ने आवश्यकता रहेको सरकारको भनाइ छ।

प्रशासनिक सुधारको दायरा मन्त्रालय र कर्मचारी दरबन्दीमा मात्र सीमित गरिएको छैन। प्रदेश सरकारअन्तर्गत रहेका समिति, बोर्ड, प्रतिष्ठान, सार्वजनिक निकाय तथा अन्य संस्थागत संरचनाको समेत पुनरावलोकन सुरु गरिएको छ।

यसका लागि उच्चस्तरीय समिति गठन गरी काम अघि बढाइएको छ। समान प्रकृतिका काम गर्ने निकायबीचको दोहोरोपन पहिचान गर्ने, आवश्यक निकायलाई सुदृढ गर्ने तथा आवश्यकता नरहेका वा समान प्रकृतिका निकायलाई एकीकरण, पुनर्संरचना वा खारेजीका लागि आधार तयार गर्ने उद्देश्य राखिएको छ।

यस प्रक्रियाले प्रदेश सरकारअन्तर्गतका संस्थागत संरचनाको आकारमा समेत प्रभाव पार्ने देखिएको छ।

सरकारले प्रशासनिक सुधारलाई कर्मचारी कटौतीमा मात्र सीमित नराखी जनशक्तिको क्षमता विकाससँग पनि जोडेको छ।

प्रदेशको प्रादेशिक तालिम केन्द्रको क्षमता विस्तार गरी तालिम कार्यक्रमलाई व्यापक बनाइएको छ। नियमित तालिममा पर्याप्त रूपमा समेटिन नसकेका सेवा समूह तथा तहका कर्मचारीलाई समेत समेट्ने गरी वार्षिक तालिम कार्यक्रम तथा कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।




कर्मचारीलाई केवल संख्याका रूपमा नभई दक्ष, उत्तरदायी र परिणाममुखी जनशक्तिका रूपमा विकास गर्ने उद्देश्यले क्षमता विकास कार्यक्रम अघि बढाइएको प्रदेश सरकारको भनाइ छ।

प्रदेश सरकारले सार्वजनिक खर्चलाई व्यवस्थित र अनुशासित बनाउन 'खर्चको मापदण्ड, २०८३ (संशोधन)' प्रस्ताव अघि बढाएको छ। सार्वजनिक वित्तीय व्यवस्थापनमा देखिएको बेरुजुलाई प्रभावकारी रूपमा सम्बोधन गर्न बेरुजु फछ्र्यौटसम्बन्धी कार्यविधि स्वीकृतिको चरणमा रहेको छ। खर्चको मापदण्ड, आन्तरिक नियन्त्रण प्रणाली र बेरुजु फछ्र्यौटलाई एकीकृत रूपमा अघि बढाउन सके प्रदेशको वित्तीय अनुशासन सुधार हुने अपेक्षा गरिएको छ।

प्रशासनिक संरचना सुधारसँगै सार्वजनिक रकम कसरी खर्च हुन्छ र त्यसको जवाफदेहिता कसरी सुनिश्चित हुन्छ भन्ने विषयलाई समेत सुधार अभियानको महत्वपूर्ण पक्षका रूपमा लिइएको छ।

प्रदेश सरकारले आफ्नो मातहतका मन्त्रालय र निकायसँगै स्थानीय तहको संगठन तथा व्यवस्थापन पुनरावलोकनलाई समेत अघि बढाउने तयारी गरेको छ।

स्थानीय तहको कार्यबोझ, सेवा प्रवाहको आवश्यकता, उपलब्ध स्रोतसाधन, जनशक्ति र कार्यक्षेत्रका आधारमा संगठन संरचना तथा दरबन्दी पुनरावलोकन गर्ने तयारी गरिएको हो।

प्रदेशका प्रमुख सचिव शोभाकान्त पौडेलले प्रशासनिक तथा आर्थिक सुधारबाट सार्वजनिक स्रोतको मितव्ययी र प्रभावकारी उपयोग, जनशक्तिको वैज्ञानिक व्यवस्थापन, कर्मचारीको क्षमता विकास, सेवा प्रवाहमा सुधार तथा वित्तीय अनुशासन कायम गर्न सहयोग पुग्ने बताउनुभयो।

उहाँका अनुसार संगठनात्मक पुनर्संरचनासँगै प्रशासनिक र आर्थिक प्रणालीमा सुधार गर्न सके प्रदेशको सीमित स्रोतलाई अधिकतम प्रतिफल दिने क्षेत्रमा परिचालन गर्न सकिन्छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकी सचिव पार्वती शर्माले सुधारका प्रयासलाई राजनीतिक तहबाट समेत आत्मसात् गर्न सके प्रशासनिक सुधारले मूर्त रूप पाउने बताउनुभयो। सुधार अभियान सफल बनाउन राजनीतिक नेतृत्व, कर्मचारी प्रशासन र अन्य सरोकारवालाको सहयोग आवश्यक रहेको उहाँको भनाइ छ।

मधेश प्रदेश सरकारले अघि सारेका यी सुधार कार्यक्रम कार्यान्वयनमा आएमा प्रदेशको प्रशासनिक संरचना, जनशक्ति व्यवस्थापन, सार्वजनिक निकायको स्वरूप र खर्च प्रणालीमा उल्लेख्य परिवर्तन आउने देखिएको छ। तर विगतका विकृति अन्त्य गर्ने दाबीलाई व्यवहारमा रूपान्तरण गर्नु र राजनीतिक तथा प्रशासनिक तहबाट सुधारका निर्णयलाई निरन्तरता दिनु सरकारका लागि मुख्य चुनौती बन्ने देखिन्छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# ट्रमा सेन्टर निर्माणको माग गर्दै.....

सङ्घर्ष समितिका संयोजक तथा मिथिला नगरपालिकाका नगर प्रमुख महेन्द्र महतोले प्रस्तावित स्थानमै ट्रमा सेन्टर निर्माण नभएसम्म आन्दोलन जारी र हने बताउनुभयो ।

उहाँका अनुसार आन्दोलनअन्तर्गत सोमबार बिहान ११ बजेदेखि १२ बजेसम्म तथा २७ गते बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म पूर्व-पश्चिम राजमार्गमा चक्काजाम गर्ने कार्यक्रम तय गरिएको छ ।

ढल्केबरमा ट्रमा सेन्टर निर्माणका लागि सङ्घीय सरकारले आर्थिक वर्ष २०७८/७९ को बजेटमा पहिलो पटक रकम विनियोजन गरेको थियो । मिथिला नगर पालिका-७, साविक ढल्केबर गाविस-२ 'क' स्थित कित्ता नं. १६९ को करिब चार बिघा ऐलानी जग्गालाई आधार बनाएर ट्रमा सेन्टर निर्माणको प्रक्रिया अघि बढाइएको थियो ।

नगरप्रमुख महतोका अनुसार ट्रमा सेन्टर निर्माणका लागि आवश्यक जग्गा प्राप्तिको प्रक्रिया पूरा भइसकेको छ र जग्गाको लालपुर्जासमेत बनिसकेको छ। लामो समयदेखि अघि बढाइएको योजना शिलान्यासको चरणमा पुगिसकेको अवस्थामा निर्माणस्थल परिवर्तन गर्ने कुरा आएको भन्दै स्थानीयवासी असन्तुष्ट बनेका हुन् ।

स्थानीयवासीले ढल्केबर पूर्व-पश्चिम राजमार्गको महत्वपूर्ण यातायात केन्द्र हुनुका साथै यहाँ दैनिक ठूलो सङ्ख्यामा सवारीसाधन आवागमन हुने भएकाले दुर्घटनामा घाइते हुनेलाई तत्काल उपचार उपलब्ध गराउन ट्रमा सेन्टर आवश्यक रहेको बताएका छन् ।

उनीहरूले ढल्केबरमा ट्रमा सेन्टर निर्माण भए धनुषासहित महोत्तरी, सिरहा, सर्लाहीलगायत आसपासका जिल्लाका दुर्घटनाका घाइतेलाई समेत तत्काल उपचार सेवा उपलब्ध गराउन सहज हुने दाबी गरेका छन् ।

सङ्घर्ष समितिले सरकारले यसअघि बजेट विनियोजन गरी जग्गा प्राप्तिसमेत गरिसकेको अवस्थामा योजनालाई अन्यत्र सार्नु उचित नहुने जनाएको छ । स्थानीयवासीले निर्णय पुनरावलोकन गरी ढल्केबरमै ट्रमा सेन्टर निर्माणको काम तत्काल अघि बढाउन सरकार सँग माग गरेका छन् ।

सरकारले भने ट्रमा सेन्टर निर्माणका लागि लहानलाई प्रस्तावित स्थानका रूपमा अघि सारेपछि ढल्केबरमा आन्दोलन चर्किएको हो । निर्माणस्थलका विषयमा स्थानीयस्तरमा देखिएको विवाद समाधानका लागि सरकारले स्पष्ट निर्णय गर्नुपर्ने माग स्थानीयवासीले गरेका छन् ।

# जनकपुरधामको राजस्व लक्ष्यभन्दा ३ करोड बढी

**खबर दर्पण समाचारदाता**

**साउन २५ गते, महेन्द्रनगर**

जनकपुरधाम उपमहानगर पालिकाले आर्थिक वर्ष २०८२/८३ मा लक्ष्यभन्दा रु. ३ करोडभन्दा बढी राजस्व सङ्कलन गरेको छ ।

उपमहानगरपालिकाले बक्यौता असुलीलाई प्राथमिकता दिँदै कर सङ्कलनमा कडाइ गरेपछि र ाजस्व वृद्धि भएको हो ।

उपमहानगरपालिकाले गत आर्थिक वर्षमा १७ करोड १५ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो । तर, लक्ष्यभन्दा रु. ३ करोड २२ लाख बढी अर्थात् कुल रु. २० करोड ३७ लाख १ हजार ५५९ राजस्व सङ्कलन भएको राजस्व शाखाले जनाएको छ ।

यो रकम अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा पनि रु. ३ करोड ७२ लाख २१ हजार ६२६ ले बढी हो ।

आव २०८१/८२ मा रु. १६ करोड २० लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएकोमा रु. १६ करोड ६४ लाख ७८ हजार ९३३ सङ्कलन भएको थियो ।

उपमहानगरपालिकाका अनुसार आव २०८२/८३ मा बेरुजु शीर्षकमा रु. ५ लाख सङ्कलन गर्ने लक्ष्य रहेकामा रु. २१ लाख २६ हजार ४५३ असुली भएको छ ।

त्यस्तै, सम्पत्ति करबाट रु. ५ करोड ६१ लाख ५ हजार ३३१ र बहाल करबाट रु. ५ करोड ७५ लाख ३९ हजार ६४४ सङ्कलन भएको छ ।

यसैगरी, नक्सापास दस्तुरबाट रु. ३ करोड ३७ लाख ८१ हजार , सिफारिस दस्तुरबाट रु. १ कर ोड ३४ लाख ९५ हजार ८९६ तथा बहाल बिटौरी करबाट रु. ९२ लाख ३२ हजार २०० र ाजस्व प्राप्त भएको छ ।

व्यवसाय करबाट रु. ५१ लाख ५० हजार ३४७, अन्य प्रशासनिक सेवा शुल्कबाट रु. ६८ लाख ३४ हजार ९३४ तथा अन्य सेवा शुल्क तथा बिक्रीबाट रु. २९ लाख ६८ हजार ४७५ सङ्कलन भएको उपमहानगरपालिकाले जनाएको छ ।

त्यस्तै, परीक्षा शुल्कबाट रु. १७ लाख ८६ हजार ७००, व्यक्तिगत घटना दर्ता दस्तुरबाट रु. ५ लाख ९७ हजार ७२०, प्रशासनिक दण्ड तथा जरिवानाबाट रु. ११ लाख ५ हजार ५६३ र सरकारी सम्पत्ति बिक्रीबाट रु. १५ लाख राजस्व प्राप्त भएको छ ।

उपमहानगरपालिकाका राजस्व शाखा प्रमुख परमेश्वर झाका अनुसार बक्यौता असुलीलाई प्रभावकारी बनाउनुका साथै कर दातालाई नियमित कर तिर्न प्रोत्साहित गरिएकाले राजस्व सङ्कलनमा उल्लेख्य सुधार आएको हो ।

उनले आगामी दिनमा पनि बक्यौता कर असुलीलाई प्राथमिकतामा राख्दै राजस्वको दायरा विस्तार गर्ने र कर प्रशासनलाई थप व्यवस्थित बनाउने तयारी रहेको बताए ।

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**गणेशमान चारनाथ नगरपालिका, धनुषा**

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**



# हुलाकी सडक निर्माण तथा स्तरोन्नति कार्यक्रममा उल्लेख्य प्रगति, ८५.५३ प्रतिशत सडक कालोपत्रे

**अजयकुमार साह**

**साउन २५ गते, बर्दिवास**

मधेश प्रदेशका सिरहा, धनुषा, महोत्तरी र सर्लाहीमा हुलाकी सडक निर्माण तथा स्तरोन्नति कार्यक्रमले उल्लेख्य प्रगति हासिल गरेको छ। गत आर्थिक वर्षमा निर्धारित लक्ष्यको ८५.५३ प्रतिशत सडक कालोपत्रे सम्पन्न भएको छ।

हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुर धामका अनुसार चार जिल्लामा कुल ४०६.४३ किलोमिटर सडक निर्माण तथा स्तरोन्नति गर्ने लक्ष्य राखिएकोमा ३४७.६३ किलोमिटर सडक कालोपत्रे सम्पन्न भएको छ। लक्ष्यको तुलनामा ५८.८० किलोमिटर सडक कालोपत्रे गर्न बाँकी रहेको छ।

कार्यालयका प्रमुख सिडिई कृष्णकुमार महतोका अनुसार सडक निर्माण तथा स्तरोन्नतिमा भएको प्रगति अघिल्लो समयको तुलनामा उल्लेख्य रहेको छ। बाँकी सडकखण्डमा समेत निर्माण तथा स्तरोन्नतिको काम अघि बढिरहेको उहाँले जानकारी दिनुभयो।

चार जिल्लामा सडक निर्माणका लागि नेपाल सरकारको नियमित बजेट तथा भारतीय अनुदान सहयोग परिचालन गरिएको छ। कार्यालयका अनुसार नेपाल सरकारको स्रोतबाट ३०२.५५ किलोमिटर र भारतीय अनुदान सहयोगबाट १०३.८८ किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्य राखिएको थियो।

निर्देशनालयका अनुसार बलान-कमला सडक, जनकपुर-जलेश्वर-भिट्ठामोड सडक, त्रिभुवननगर सडक, शीतलपुर-मलङ्गवा-खरैयाटोल सडक, नयाँ रोड-बरहथवा-माधोपुर वैकल्पिक सडक तथा जलेश्वर-हर्दी सडकको निर्माण तथा स्तरोन्नतिको काम पूर्ण रूपमा सम्पन्न भइसकेको छ।

जिल्लागत रूपमा हेर्दा सर्लाहीमा हुलाकी सडक निर्माणको प्रगति अझ उच्च देखिएको छ। सर्लाहीमा कुल १६५.९७ किलोमिटर सडक निर्माण तथा स्तरोन्नतिको लक्ष्य रहेकामा १५१.५१ किलोमिटर सडक कालोपत्रे सम्पन्न भएको छ। यसअनुसार जिल्लामा लक्ष्यको करिब ९१.२९ प्रतिशत सडक कालोपत्रे भएको छ।

सडकसँगै हुलाकी राजमार्ग अन्तर्गत पुल निर्माणमा पनि प्रगति भएको कार्यालयले जनाएको छ। चार जिल्लामा निर्माण गर्नुपर्ने ६१ वटा पुलमध्ये २४ वटा पुलको निर्माण पूर्ण रूपमा सम्पन्न भएको छ। १९ वटा पुल निर्माणाधीन अवस्थामा छन् भने १८ वटा पुलको ठेक्का तथा व्यवस्थापन गर्न बाँकी रहेको कार्यालयले जनाएको छ।

हुलाकी सडक निर्माणतर्फ गत आर्थिक वर्षमा ६१ करोड ६२ लाख रुपियाँ बजेट विनियोजन भएकोमा ४६ करोड ४७ लाख रुपियाँ पुँजीगत खर्च भएको छ। यसअनुसार आयोजनाको समग्र वित्तीय प्रगति ७५.४१ प्रतिशत पुगेको कार्यालयको तथ्याङ्कमा उल्लेख छ।

भौतिकतर्फ ८५.५३ प्रतिशत र वित्तीयतर्फ ७५.४१ प्रतिशत प्रगति हासिल हुनु हुलाकी सडक आयोजनाको महत्त्वपूर्ण उपलब्धि भएको कार्यालयको भनाइ छ। सडक निर्माणको भौतिक प्रगति वित्तीय खर्चको तुलनामा करिब १० प्रतिशतले बढी देखिएको छ।

चालु आर्थिक वर्ष २०८३/८४ का लागि हुलाकी सडक कार्यक्रमअन्तर्गत ७४ करोड ९१ लाख रुपियाँ बजेट विनियोजन गरिएको छ। नयाँ आर्थिक वर्षमा बाँकी सडकखण्डको निर्माण तथा स्तरोन्नति सम्पन्न गर्ने, निर्माणाधीन पुललाई गति दिने र बाँकी पुलको ठेक्का व्यवस्थापन गर्ने लक्ष्य राखिएको छ।

मधेश प्रदेशका ग्रामीण तथा सीमावर्ती क्षेत्रलाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने उद्देश्यले अघि बढाइएको हुलाकी सडक कार्यक्रमले चार जिल्लाको यातायात पहुँचमा महत्त्वपूर्ण परिवर्तन ल्याउने अपेक्षा गरिएको छ। अधिकांश सडकखण्ड कालोपत्रे भइसकेकाले अब आयोजनाको मुख्य चुनौती बाँकी सडक तथा पुल निर्माण समयमै सम्पन्न गर्नुका साथै निर्माणको गुणस्तर कायम गर्नु रहेको कार्यालयका प्रमुख सिडिई महतोले बताउनुभयो।



हुलाकी सडकको ८५ प्रतिशतभन्दा बढी भौतिक प्रगति भए पनि करिब १४.४७ प्रतिशत सडक अझै कालोपत्रे हुन बाँकी रहेकाले बाँकी कामलाई तीव्रता दिनुपर्ने देखिएको छ। विशेष गरी निर्माणाधीन १९ वटा पुल र व्यवस्थापन हुन बाँकी १८ वटा पुललाई समयमै अघि बढाउन सके हुलाकी सडक सञ्जालको समग्र प्रगति अझ प्रभावकारी हुने अपेक्षा गरिएको छ।


### भू-संरक्षणमा ध्यान दिऔं

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

**भू-रक्षाः जीवनको सुरक्षा**

**मिथिला नगरपालिका, धनुषा**

### सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**

**भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

### स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

### बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**औरही नगरपालिका, महोत्तरी**

### कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**मटिहानी नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०७३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,